७ वर्ष अवधि तथा वार्षिक ६ प्रतिशत ब्याजदर भएको "6% RBBL Debenture 2089" नामक प्रति ऋणपत्र अंकित मुल्य रु.१,०००/- दरको ३०,००,००० कित्ताले हुन आउने रकम रु.३ अर्ब बराबरको ऋणपत्र मध्ये ६० प्रतिशत अर्थात १८,००,००० कित्ताले हुन आउने रकम रु.१ अर्ब ८० करोड ऋणपुँजी व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा ४० प्रतिशत अर्थात १२,००,००० कित्ताले हुन आउने रकम रु.१ अर्ब २० करोड ऋणपुँजी (सो मध्ये ५ प्रतिशत अर्थात ६०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि सुरक्षित गरिएको समेत) सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत आ.व. २०८२/८३ आषाढ मसान्त	प्रक्षेपित		
	आ.व. २०७९/०८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२		आ.व. २०८३/८४	आ.व. २०८४/८५	आ.व. २०८५/८६
प्रति शेयर नेटवर्थ (रु.)	३२४.४७	३२१.२६	३३३.६८	३५८.६८	३८७.४३	४२५.०१	४५२.८९
प्रति शेयर आम्दानी (रु.)	२४.२२	१६.३२	१८.१४	२९.१४	३४.२८	४३.३८	३३.९७
संचित नाफा/नोक्सान (रु. हजारमा)	९१८,४०७	-१,२२२,१५३	-८५०,२७३	१,०७६,९५८	३,८४५,४७२	७,२०३,७८८	९,३४७,९३६

आवेदन दिनुपर्ने न्यूनतम डिबेन्चर सङ्ख्या	२५ कित्ता
आवेदन दिन पाउने अधिकतम डिबेन्चर सङ्ख्या	सम्पूर्ण कित्ता

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति: २०८३/०६/०२ गते ।

नेपाल राष्ट्र बैंकमा विवरण पत्र दर्ता मिति: २०८३/०६/०८ गते र कम्पनी रजिष्टारको कार्यालयमा विवरण पत्र दर्ता मिति: २०८३/०६/०८ गते ।

१. संगठित संस्थाको नाम: राष्ट्रिय वाणिज्य बैंक लिमिटेड (Rastriya Banijya Bank Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:

यस बैंक मिति २०२२ साल माघ १० गते विशेष ऐन (राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१) अन्तर्गत स्थापना भई वाणिज्य बैंक ऐन, २०३१ वमोजिम संचालन हुदै आएकोमा मिति २०६३ साल बैशाख ६ गते लिमिटेड कम्पनीको रुपमा प्रचलित कम्पनी ऐन अन्तर्गत संस्थापित भएको हो ।

३. संस्थाको रजिष्टर्ड ठेगाना:

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं.११, सिंहदरवार प्लाजा काठमाण्डौमा रहेको छ ।

४. कारोबार गर्ने मुख्य स्थान:

यस बैंकले नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए अनुसार नेपाल भित्र देहायका स्थानहरुबाट शाखा मार्फत आफ्नो कारोबार संचालन गर्दै आएको छ । यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई नेपाल राज्यभर मिति २०८३/०३/३२ गतेसम्मको अद्यावधिक तथ्यांक अनुसार देहायको स्थानहरुबाट केन्द्रिय कार्यालय समेत गरी कुल ३१६ शाखाहरु खोली कारोबार संचालन गर्दै आएको छ ।

नेपाल सरकारद्वारा मिति २०२२ साल माघ १० गते विशेष ऐन "राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१" अन्तर्गत स्थापना भई २०६३ साल बैशाख ६ गते लिमिटेड कम्पनीको रुपमा प्रचलित कम्पनी कानून बमोजिम संस्थापित भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा बैंकिङ्ग कारोबार गर्दै आएको श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

राष्ट्रिय वाणिज्य बैंक / RASTRIYA BANIJYA BANK ...तपाईंको आफ्नै बैंक

रजिष्टर्ड कार्यालय:
का.म.न.पा. ११, सिंहदरवार प्लाजा, काठमाण्डौ ।
फोन नं. ०९७७-१-५७२१२२०, फ्याक्स नं. ०९७७-१-४२५२९३१
Email: rbb.info@rbb.com.np | Website: www.rbb.com.np

७ वर्ष अवधि तथा वार्षिक ६ प्रतिशत ब्याजदर भएको "6% RBBL Debenture 2089"

आह्वान-पत्र

दरखास्त साथ प्रति ऋणपत्र अंकित मूल्य रु. १,०००/- को दरले (शत प्रतिशत) भुक्तानी माग गरिएको | यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

ऋणपत्रको बिक्री खुल्ला अवधि

ऋणपत्र निष्काशन खुल्ला हुने मिति	२०८३/०६/२९ गते
ऋणपत्र निष्काशन बन्द हुने मिति (छिटोमा)	२०८३/०७/१० गते (बैंकिङ्ग समय पश्चात्)
ऋणपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०८३/०७/१२ गते (बैंकिङ्ग समय पश्चात्)

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण: यस बैंकलाई केयर रेटिङ्स् नेपाल लिमिटेडले "CARE-NP A+ (Is)" इस्युअर रेटिङ्ग प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई नेपालमा समयमा वित्तीय दायित्व बहन गर्ने क्षमता तुलनात्मक रुपमा पर्याप्त रहेको तथा न्यूनतम कर्जा जोखिम भएको (Adequate degree of safety regarding timely servicing of financial obligations in Nepal) संस्थाको रुपमा लिइन्छ । यो २०२६ जुन २५ मा सोही रेटिङ्ग एजेन्सीबाट पुनर्पुष्ठी (Reaffirmed) भएको हो र यसको बैधता २०२७ जुन २४ सम्म रहनेछ । उक्त रेटिङ्ग एजेन्सीले उच्चतम रेटिङ्ग CARE-NP-AAA (Is) र न्यूनतम रेटिङ्ग CARE-NP D (Is) सम्म प्रदान गर्ने गरेको छ । जसमा रेटिङ्ग CARE-NP-AAA (Is) ले बलियो आधार जनाउँछ भने CARE-NP D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यसको अर्थ "CARE-NP A+ (Is)" को स्थिति "CARE-NP A (Is)" भन्दा एक चिन्ह माथि रहन्छ ।

कूल दायित्व	३४३,७६१	४५८,७७३	५३३,४७६	७२२,६३०
इक्वीटी				
शेयर पूँजी	१५,६३७	१५,६३७	१५,६३७	१५,६३७
शेयर प्रिमियम	-	-	-	-
सञ्चित मुनाफा	२,२६४	३१३	६५०	२,५८३
जगेडा/कोषहरु	३४,३८४	३६,०९७	३८,००९	३९,९९०
शेयरधनीहरु (इक्विटी धारक) लाई बाँडफाँड योग्य कूल इक्विटी	५२,२८५	५२,०४७	५४,२९६	५८,२११
गैर नियन्त्रित स्वार्थ	-	-	-	-
कूल इक्विटी	५२,२८५	५२,०४७	५४,२९६	५८,२११
कूल दायित्व र इक्विटी	३९६,०५१	५१०,८२०	५८७,७७१	७८०,८४१
संभावित दायित्व तथा प्रतिबद्धता	५८,८२०	६७,९३२	७१,०९२	५८,०५४
प्रति शेयर खुद सम्पत्ति	३३४.३६	३३२.८४	३४७.२२	३७२.२५

(रकम रु.दश लाखमा)

"8.50 % RBBL Debenture 2083" नामक ६ वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको २ अर्ब ५० करोड रकम वरावरको ऋणपत्र र "7 % RBBL Debenture 2088" नामक ७ वर्ष अवधि तथा वार्षिक ७ प्रतिशत ब्याजदर भएको २ अर्ब ५० करोड रकम वरावरको ऋणपत्र जारि गरिसकेको छ । उक्त ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको रुपमा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त संस्था श्री एनआईएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, र श्री सानिमा क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ रहेको छ । र उक्त संस्थाहरुबाट हाल यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "6% RBBL Debenture 2089" नामक ऋणपत्र निष्काशन गर्न ऋणपत्र ट्रष्टीको रुपमा स्वीकृति समेत प्राप्त भइसकेको छ ।

ज) अन्य:
- यो ऋणपत्र राष्ट्रिय वाणिज्य बैंक बाहेक अन्य बैंक लिमिटेड वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।
- यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण तथा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

नेपाल राष्ट्र बैंक बाट ऋणपत्र निष्काशन गर्न स्वीकृत प्रदान गर्दा तोकिएका शर्तहरु निम्न अनुसार रहेको छ :

(१) कुनै पनि सुरक्षण नराखी "6% RBBL Debenture 2089" ऋणपत्र निष्काशन गर्नुपर्ने ।
(२) ऋणपत्रको अवधि ७ वर्षको हुने ।
(३) ऋणपत्रको वार्षिक व्याजदर ६ प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने व्याज अर्ध वार्षिक रुपले ६/६ महिना (श्रावण र माघ) मा भुक्तानी गर्नुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।
(४) बैंक विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९४ मा भएको व्यवस्था अनुसार हुने ।
(५) ऋणपत्र जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत गर्नुपर्ने ।
(६) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने ।
(७) ऋणपत्र निष्काशन गर्नु अधि विवरणपत्र नेपाल राष्ट्र बैंकमा दर्ता गरि सहमति लिएर मात्र प्रकाशन गर्नुपर्ने ।
(८) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको डिबेन्चर खरिद नगरेमा सो डिबेन्चर अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।
(९) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मिति देखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको (राष्ट्रिय वाणिज्य बैंक लिमीटेडको प्रचलित बचतको उच्चतम ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नु पर्ने र सो विषय विवरणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्ने ।
(१०) ऋणपत्र बैंकको पूँजीमा गणना हुने गरी निष्काशन गर्नुपर्ने ।
(१२) अन्य सवै व्यवस्थाहरु इ.प्रा.निर्देशन नं.१६/०८१ मा उल्लेख गरिए बमोजिम हुनुपर्ने ।
(१३) ऋणपत्रको रकम भुक्तानी गर्न सिर्जना गरिने पुँजी फिर्ता जगेडा कोष Capital Redemption Reserve को व्यवस्था गर्न निम्नानुसार कोष सिर्जना गरेको हुनु पर्ने ।
(क) निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष Redemption Reserve मा कुनै रकम विनियोजन नगरे पनि हुने ।
(ख) भुक्तानी अवधि बाँकी रहेसम्म प्रत्येक वर्ष वार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक (Proportinate) आधारमा रकम छुट्याउनुपर्ने ।
(ग) खण्ड (ख) बमोजिम समानुपातिक आधारमा छुट्याउनु पर्ने रकम भन्दा बढी रकम छुट्याउने भएमा कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नुपर्ने ।
तर यस बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र बापत भुक्तानी कोषमा जम्मा गर्नुपर्ने

१८. धितोपत्र बिक्री खुल्ला अवधि:

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन सम्म खुल्ला रहने छ । व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसंगै बन्द हुनेछ ।

१९. निष्काशन बैंक (Bankers to the Issue):

यस विवरणपत्र मार्फत् निष्काशित ऋणपत्रहरूको लागि निष्काशन बैंक (Banker to the Issue) को रूपमा देहायको बैंकलाई नियुक्त गरिएको छ ।

क्र.सं.	नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१	कुमारी बैंक लिमिटेड, लालदरबार, काठमाण्डौ	KCL - 6% RBBL DEBENTURE 2089	१२९००९८४०७२००१०९

साथै आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरूलाई समेत यस ऋणपत्र निष्काशनको लागि निष्काशन बैंकको रूपमा नियुक्त गर्न सकिनेछ ।

२०. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री सबिन बुढाथोकी फोन नं.: ०१-५९७००८२ Ext. No. २०३ तथा Email Address: sabin.budhathoki@kumaricapital.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

कुमारी क्यापिटल लिमिटेड / KUMARI CAPITAL LIMITED
Invest for your future

दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोन: ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com